# सम्पूर्ण कृषक दाजुभाई तथा दिदिबहिनीहरुमा कृषि ज्ञान केन्द्र, काभ्रेको अनुरोध ॥

बालीनालीको घातक सलह किरा काभ्रे जिल्लाको केहि ठाउँमा प्रवेश गरिसकेको र अन्य ठाउँहरुमा पनि फैलिन सक्छ । तसर्थ सलह किराको व्यवस्थापनको लागि निम्न बमोजिमका उपायहरु अपनाउनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौ ।

- यो किरा साँझपख सबै बोटबिरुवाहरुमा झुण्ड भइ बस्ने हुँदा कीरा देखिएमा यसलाई संकलन गरेर मार्न सकिन्छ ।
- धानबालीको बीउ, तरकारी बाली तथा अन्य बालीहरुको बचावटको लागि झुल, जाली प्लाष्टिक वा अन्य साधनको प्रयोग गरी छोप्ने र आफनो आसपासको क्षेत्रहरुमा ठूलो ध्वनी निकालेर वा धुवाको प्रयोग गरेर पनि यसलाई धपाउन सकिन्छ ।
- लामा डोरीहरु बारीको वारपार टाँगेर बोटहरु हल्लाउने ।
- चराहरुले सलह कीरा खाने भएको कारण चरा जोगाउन ध्यान दिनु पर्दछ । यो कीरा माछा र कुखुरा, हाँसको राम्रो आहार पनि हो । छोपेर दानाको रुपमा प्रयोग गर्न पनि सकिन्छ ।
- वीउको ब्याडहरु सम्भव भएसम्म जालीले छोप्ने ।
- सलह कीराको नियन्त्रणको लागि मालाथियन ३ मिलिलिटर वा क्लोरोपाइरिफस २ मिलिलिटर वा साइपरमेथ्रिन १ मिलिलिटर प्रतिलिटर पानीमा मिसाई छर्न सकिन्छ ।

**नोटः बालीनाली वरीपरी देखिएको कीरा सलह हो जस्तो लागेमा सो किरा र किरा वरीपरीका बालीनालीको फोटो लिइ सम्बन्धित पालिकामा रहेको कृषि शाखामा सम्पर्क राखी सलह किरा व्यवस्थापनको लागि सबैजना एकजुट भइ लागौं ।**

**थप जानकारीको लागिः**

**सरिता सापकोटा**

**बा.स.अ.सातौ**

**९८४१०३५१८२**

**कृषि ज्ञान केन्द्र, काभ्रे।**